**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १३ नोभेम्बर २०२३

समयः १८:५० – १९:०० बजे

**<u>प्रमुख समाचार</u>**

१. पश्चिम बंगाल राज्यकी मुख्यमन्त्री ममता व्यानर्जीले दार्जीलिङ पहाड़को विकास अनि उन्नतिको लागि एक साथ् मिलेर काम गर्ने आह्वान गर्नुभएको छ।

२. राज्यकी मुख्यमन्त्री सुश्री ममता ब्यानर्जी दार्जीलिङ लगायत तराई अनि डुवर्स क्षेत्रमा रहेका विभिन्न समस्याहरूप्रति गम्भीर नरहेको दार्जीलिङका सांसद राजु विष्टले आरोप लगाउनु भएको छ।

३. स्थानीय पुस्तकालय प्राधिकरण, जीटीए र जनशिक्षा विस्तार तथा पुस्तकालय सेवा विभाग, पश्चिम बङ्गालको संयुक्त आयोजनामा छैटौँ वार्षिक जिल्ला पुस्तक मेला कालेबुङमा सम्पन्न हुने भएको छ l

४. पंचायती राज मंत्रालयले भोलि नयाँ दिल्लीमा वित्त आयोगको एक दिवसीय सम्मेलनको आयोजना गर्नेछ l

५. आगामी २४ घण्टामा पश्चिम बङ्गालको मौसम सफा र सुख्खा रहने छ।

**<u>मुख्यमन्त्री ममता व्यानर्जी- दार्जीलिंग-शान्ति</u>**

पश्चिम बंगाल राज्यकी मुख्यमन्त्री ममता व्यानर्जीले दार्जीलिङ पहाड़का जनतालाई एकसाथ मिलेर दार्जीलिङ पहाड़को विकास अनि उन्नतिको लागि काम गर्ने आह्वान गर्नुभएको छ। यसका साथै उहाँले कसैले पनि व्यक्तिगत फाइदाको लागि दार्जीलिङ, खरसाङ, कालेबुङ तथा मिरिकलाई कसैको हातमा बेच्न नहुने सुझाउ दिनुभएको छ l पहाड़ भ्रमणको दोस्रो दिन चौरस्ता परिसरमा आयोजित ७औं सरस मेलाको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुदै मुख्यमन्त्री ममता ब्यानर्जीले पहाड़ शान्त रहेको हेर्न चाहेको बताउनुहुदै पहाड़लाई अझै प्रगतिको मार्गमा अघि बढ़ाउन गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापालाई सहयोग गर्न आवश्यक रहेको बताउनु भएको छ। दार्जीलिङको चौरास्तामा शुरू भएको सरस मेलाको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा मुख्यमन्त्री व्यानर्जीले दार्जीलिङ पहाड़को विकास र उन्नतिको लागि एकसाथ काम गर्ने आह्वान गर्नुभएको छ l उहाँले नेताजी जयन्ती मनाउन आगामी बर्ष २३ जनवरीमा दार्जीलिङ आउने जानकारी दिईन।

****** ० ******

**<u>सांसद राजु बिस्ट-मुख्यमन्त्री आरोप</u>**

राज्यकी मुख्यमन्त्री सुश्री ममता ब्यानर्जी अहिले दार्जीलिङ भ्रमणमा हुनुहुन्छ। यस अवधि चियाबारी लगायत तराई अनि डुवर्स क्षेत्रमा रहेका विभिन्न समस्याहरूलाई लिएर मुख्यमन्त्री गम्भीर नदेखिएको दार्जीलिङका सांसद राजु विष्टले आरोप लगाउनु भएको छ। सासंद विष्टले एक विज्ञप्ति जारी गर्दै भन्नुभएको छ -'मुख्यमन्त्री ममता ब्यानर्जी नेत्रित्वधीन पश्चिम बङ्गाल सरकारले दार्जिलिङ पहाड़, तराई अनि डुवर्स क्षेत्रका महत्त्वपूर्ण मुद्दाहरूलाई निरन्तर बेवास्ता गर्दै आएको छ। चिया उद्योगको जर्जर अवस्थादेखि लिएर बिग्रँदै गइरहेको पूर्वाधार, शिक्षा र स्वास्थ्यको क्षेत्र, टिस्टा बाढ़ पीड़ितहरूको पीड़ा र जिविका उपार्जनको अवसरहरूको अभावसम्म, जनताले उपेक्षा र शोषणको सामना गरिरहेको सांसद राजु बिस्टले बताउनु भएको छ l उहाँले राज्यमा मुख्यमन्त्री ममता ब्यानर्जीको शासनकाल मा दार्जिलिङको प्रतिष्ठित चिया उद्योग धराशायी अवस्थामा रहेको र पहाडका 87 वटा चिया बगानहरूमध्ये दशवटा चियाबगान बन्द रहेको जसलाई पश्चिम बङ्गाल सरकारले चिया उद्योग र चिया बगान श्रमिकहरूको उत्थान हेतु सहायता गर्न केही नगरेको आरोप लगाउनु भएको छ l उहाँले केन्द्रीय परियोजनाहरुको कुनै काम पहाडमा ठिक नभएको तथा दार्जिलिङ र कालेबुङमा शिक्षा र स्वास्थ्य सेवा सुविधा जर्जर अवस्थामा रहेको बताउनु भएको छ l

****** ० ******

**<u>कालेबुंग -पुस्ताकालय मेला</u>**

स्थानीय पुस्तकालय प्राधिकरण, जीटीए र जनशिक्षा विस्तार तथा पुस्तकालय सेवा विभाग, पश्चिम बङ्गालको संयुक्त आयोजनामा छैटौँ वार्षिक जिल्ला पुस्तक मेला आगामी १७ नोभेम्बरदेखि २१ नोभेम्बरसम्म कालेबुङको मेला ग्राउण्डमा सम्पन्न

हुने भएको छ।यस आयोजनाको बारेमा जानकारी दिनुहुदै जिल्ला पुस्तकालय अधिकारी दावा तामाङ र उमेस उपमाले यस पुस्तक मेलामा भारत र नेपालका विभिन्न प्रतिष्ठित पुस्तक प्रकाशन कम्पनीहरूले आफ्नो पुस्तकहरू प्रदर्शन गर्ने जानकारी दिनुभएको छ। पुस्तक मेलाले साहित्यप्रेमीहरू र अध्ययनशील व्यक्तिहरूलाई उत्कृष्ट अवसर प्रदान गर्ने विश्वास आयोजकहरूले साचेको छ।

****** ० ******

**मदारीहाट विधानसभा उपचुनाव -तोडफोड**

मदारीहाट विधानसभा उपचुनावमा तृणमूल कङ्ग्रेसमाथी भाजपा उम्मेदवार राहुल लोहारमाथि आक्रमण गरेको र उनको कारमा तोडफोड गरेको आरोप लागेको छ। यो घटना आज बिहान ११ बजे मदारीहाटको मुज्नाई चिया बगानको बंगाबादी डिभीजनको बुथ नम्बर १४/६२ मा उक्त घटना भएको बताइएको छ । उक्त घटनालाई लिएर आज क्षेत्रमा तनाव उत्पन्न भएको थियो । घटनापछि मदारीहाट पुलिस थाना का प्रभारी घटनास्थलमा पुगेर स्थिति नियन्त्रणमा ल्याएका थिए । भारतीय जनता पार्टीका उम्मेदवार राहुल लोहारले आफूमाथि हातपात भएको आरोप लगाउनु भएको छ । यसबाहेक उहाँले तृणमूलले बुथ नम्बर कब्जा गरेको आरोप पनि लगाउनु भएको छ। अर्कोतिर , , टीएमसीका मदारीहाट ब्लक उपाध्यक्ष राजेश साओले आक्रमणको खण्डन गर्दै टीएमसीका मानिसहरू यसमा संलग्न नभएको बताउनुभएको छ l

****** ० ******

**मुख्यमन्त्री हिमचितुवा/रेड पाण्डा-नामकरण**

दार्जीलिङको प्रसिद्ध पद्माजा नाइडु ज्युलोजिकल पार्क परिसर घुम्ने क्रममा राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज चिड़ियाखानामा भर्खरै जन्मिएका हिमचितुवाका दुइ बच्चा अनि रेडपाण्डाका चारवटा बच्चाहरूका नामकरण गर्नुभएको छ । चिड़ियाखानामा परिरसरमा पुगेकी मुख्यमन्त्री सुश्री ममता ब्यनार्जीले हिमचितुवाका दुइवटा बच्चामध्ये एउटाको चार्मिङ अनि अर्कोको डार्लिङ नाउँ राखिदिनुभएको छ भने अर्कोतिर रेड पाण्डाका बच्चाहरूको नाउँ क्रमैले भिक्ट्री, ड्रिम, पहाड़िया, र हिल्ली नामकरण गर्नुभएको छ ।उहाँले यस अवधि चिड़ियाखानाको प्राकृतिक सुन्दरताको पनि अवलोकन गर्नुभएको रिपोर्टमा बताइएको छ l

****** ० ******

**भारत नेपाल सुरक्षा अधिकारी बैठक**

नेपाल र भारतका सीमा सुरक्षा अधिकारीहरूको शीर्ष बैठक 16 र 17 नोभेम्बरमा नेपालमा हुनेछ। यस बैठकमा सामेल हुन सीमा सुरक्षा बल (एसएसबी) का डायरेक्टर जनरल नेपाल गईरहेका छन्। दुवै देशका सीमा सुरक्षा बलका शीर्ष अधिकारीहरूबीच हरेक वर्ष यस प्रकारको बैठक पालो-पालो गरी दिल्ली र काठमाण्डौंमा हुने गर्दछ ।नेपालका सशस्त्र पुलिस बलका प्रमुख आईजीपी राजू अर्यालको निमन्त्रणमा एसएसबीका डीजी अमृत मोहन प्रसाद 15 नोभेम्बरमा तीन दिनको निम्ति काठमाण्डौं प्रस्थान गर्नुहुनेछ । आईजीपी अर्यालले दुवै देशबीच हुने वार्षिक सीमा सुरक्षा बैठक गत वर्ष नयाँ दिल्लीमा भएको थियो, भने यस बर्ष बैठकको आयोजन काठमाण्डौंमा भइऱहेको जानकारी दिनुभएको छ ।सशस्त्र पुलिस बलका आईजीपीले यस बैठकको मुख्य मुद्दा सीमा पारी अपराधलाई नियन्त्रण गर्ने उपायहरूबारे चर्चा गर्नु तथा ड्रग्स तस्करीमाथि लगाम लगाउनमा दुवै देशका सीमा सुरक्षा अधिकारीहरूको भूमिकालाई लिएर पनि चर्चा हुने बताउनुभएको छ।

****** ० ******

**अनित थापा -शुभकामाना**

पहाड़को राजनैतिक इतिहासमा नयाँ समीकरण ल्याएर पहाडमा सर्वत्र गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापाले दार्जीलिंग पहाडमा नयाँ सोच नयाँ विचारको माध्यमले शान्ति फर्काउन तथा बिकास कार्यलाई तिव्रता दिन सकेको भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ टाउन कमिटीले बताएका छन् l एक विज्ञप्ति जारी गर्दै भा.गो.प्र.मो खरसाङ टाउन कमिटीले भनेको छ- अनित थापा जीटीएका मुख्य कार्यपालको ओहोदामा बसेर जनसाधारणको हीतमा पहाडमा थुप्रै बिकासमुलक कार्यहरु गर्दै आईरहेको बताएका छन् । विभिन्न विकास बोर्डहरुको सञ्चालनको लागि गठन हुने मनिटेरिङ सेलका अध्यक्षको पदमा नियुक्त भएकोमा खरसाङ टाउन कमिटीले जीटिए का मुख्य कार्यपाल अनित थापालाई शुभकामना दिएका छन् l

****** ० ******

**कालिम्पोङ जिल्ला कराते-**

कालिम्पोङ जिल्ला कराते-डो संघको ब्यानरमा कालिम्पोङ जिल्ला कराते-डो संघको टोलीले आगामी १५ र १६ नोभेम्बरमा खुदिराम अनुशीलन केन्द्र, कोलकातामा हुने २६औं पश्चिम बंगाल राज्य कराते च्याम्पियनसिप-२०२४ मा भाग लिन गइरहेको छ। बङ्गाल ओलम्पिक एसोसिएसनलद्वारा मान्यता पाएको कराते डो एसोसिएसन द्वारा प्रतियोगितामा कुल ३६ खेलाडीहरु सहित चार प्रशिक्षकहरुले भाग लिनेछन। यस आशयको जानकारी कालिम्पोङ जिल्ला कराते-डु संघका महासचिव शिहान सुशन थापाले दिएका छन्।

****** ० ******

**ट्याब घोटाला - आरोपी पक्राउ**

पश्चिम बङ्गाल सरकारको 'तरुनेर सपना' योजनाअन्तर्गत विद्यार्थीहरूलाई दिइएको ट्याब क्रय गर्ने राशी दुरुपयोग गरेको आरोपमा पुलिसले अहिलेसम्म आठ जनालाई पक्राउ गरेको छ। मालदा जिल्लाको बैष्णवनगर क्षेत्रबाट हिज राति थप चार जनालाई पक्राउ गरेको छ। पक्राउ परेकाहरुको साथबाट पुलिसले केही महत्वपूर्ण कागजात, ल्यापटप, हार्ड ड्राइभ र बैंक सँग सम्बन्धित कागजपत्रहरु पनि उद्धार गरेको छ। विगत केही दिनदेखि पुलिसले गरेको अनुसन्धानको क्रममा छात्रवृत्तिका रुपमा प्राप्त राशी साइबर क्याफेका मालिक मार्फत हडप्ने खेल भइरहेको खुलासा भएको थियो। स्मरण गराइन्छ ,राज्य सरकारको 'तरुणर सपना' परियोजनाअन्तर्गत कक्षा ११ र १२ का विद्यार्थीको बैंक खातामा ट्याब किन्नको लागी १० हजार रुपियाँ दिइन्छ। यो रकम सोझै विद्यार्थीको खातामा जम्मा हुन्छ तर धेरै विद्यार्थीले यो रकम आफ्नो खातामा नपुगेको गुनासो गरेका थिए। कुनै-कुनै अवस्थामा, पैसा अरू कसैको खातामा जम्मा गरिएको जाचमा थाहा लागेको छ।

****** ० ******

**प. बंगाल – मौसम**

आगामी २४ घण्टामा पश्चिम बङ्गालको मौसम सफा र सुख्खा रहने छ। यससँगै राज्यमा चिसो पनि बढ्न थालेको छ। राती हल्का चिसो महसुस भइरहेको छ। कोलकाताको अधिकतम तापक्रम ३१ डिग्री सेल्सियस र न्यूनतम तापक्रम २२ डिग्री सेल्सियस रहने अनुमान गरिएको छ। मौसम बिभाग अनुसार दार्जिलिङ र कालेबुङ जिल्लाहरूमा पनि सफा र सुख्खा मौसम रहनेछ, बताएको छ। यी क्षेत्रको अधिकतम तापक्रम २० देखि २२ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १० देखि १२ डिग्री सेल्सियसको हाराहारीमा रहनेछ। राज्यको कुनै पनि भागमा वर्षाको सम्भावना नरहेको मौसम बिभागले जनाएको छ।

****** ० ******